अनुसूची-१६

(दफा ३३ को उपदफा-(२) सँग सम्बन्धित)

लुकुनीवेशी सामुदायिक वन उपभोक्ता समूह, बागमती गा.पा.६, ललितपुरको

काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

दोस्रो पटक सूचना प्रकाशन मिति २०८३/४/२९

लुकुनीवेशी सामुदायिक वन उपभोक्ता समूह, बागमती गा.पा. ६, ललितपुरको वनबाट उत्पादित बागमती गा.पा. वडा न. ६, लुकुनीवेशी स्थित घाटगद्धिमा १ वटा लटमा विभाजित निम्न परिमाणको काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले सो सूचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनीले यो सूचना सौर्य दैनिक (राष्ट्रिय) पत्रिकामा दोस्रो पटक प्रकाशित भएकोले मितिले १५ दिन भित्र सिलबन्दीको बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ ।

<u>तपसिल</u>

**१. वन पैदावारको विवरण:**

| वन पैदावार | | | | | | मुल्यांकन (रु.) | |
|---|---|---|---|---|---|---|---|
| क्र.स. | लट न. | जात | किसिम | थान | परिमाण (पलाँस सहित) | न्युनतम | कटान खर्च |
| १ | १ | खयर | गोलिया | १७० | १९६.८९ क्यु.फि. | १९६८९०/- | ६११३९/- |

२. बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय

क) अन्तिम मिति २०८३/५/१३ ख) समय दिनको १:०० बजेसम्म

३. बोलपत्रसाथ कबुल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम बोलपत्र खरिद गरेको सामुदायिक वन उपभोक्ता समूहको नेपाल बैंक लिमिटेडमा रहेको खाता न. ०७८००१०८०४९१३२००००१ मा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनुपर्नेछ ।

४. बोलपत्र फारम प्रति लटको रु १०००/- पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूह र डिभिजन वन कार्यालयबाट खरिद तथा दाखिला गर्न सकिनेछ ।

५. लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र खैरेनीवेशी सामुदायिक वन उपभोक्ता समूहको बागमती गा.पा. वडा न. ६, लुकुनीवेशीमा रहेको घाटगद्धि स्थानमा गई हेर्न सकिनेछ ।

६. लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मका प्रोपाईटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कर दर्ता प्रमाणपत्रको प्रतिलिपि, सूचीदर्ता प्रमाणको प्रतिलिपि र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रतिलिपि बोलपत्रसाथ पेश गर्नुपर्नेछ ।

७. निर्धारित न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८३/५/१३ मा दिनको ३:०० बजे साक्षीहरुको रोहवरमा खोलिने छ ।

८. लिलाम स्विकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, संकलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

९. बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिईनेछ ।

१०. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित हुनेछ ।

११. थप जानकारीको लागि समूहमा अध्यक्ष श्री दिनेश घिमिरे (९८६९७३३९६३) लाई सम्पर्क गर्नुहुन ।